# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:-* ४२१ *मिति :-* २०६३/१२/११

**नेपाल राष्ट्र बैंक**
**बैकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरु तथा**
**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

विषय :- **भारतीय रुपैंयाँ को कारोवार सम्बन्धमा ।**

महाशय,

भारतीय रुपैयाँ खरीद/विक्री कारोवार सम्बन्धमा निम्न व्यवस्थाहरू लागू गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. बैंकहरूले चाहेमा भारतीय रुपैयाँको अन्तर बैंक कारोवार र अन्तर बैंक कर्जा सापटी (Lending/ Borrowing) कारोवार समेत गर्न सक्ने ।

२. नेपाली बैंक/वित्तीय संस्था उपर खिचिएका चेकहरू भारतीय बैंकहरू मार्फत भारतीय रुपैंयाँमा भुक्तानी हुने गरी कलेक्शनार्थ पेश हुन आएको खण्डमा सटही दिन नमिल्ने ।

३. नगद भा.रु. लिई सोको भा.रु. ड्राफ्ट माग्न आएमा ड्राफ्ट जारी गर्न नमिल्ने ।

४. भारतीय बीमा कम्पनीहरू र एयरलाइन्सहरूद्वारा भारतमा रकम पठाउने सम्बन्धी व्यवस्थाः

(क) नेपालमा कार्यरत भारतीय बीमा कम्पनीहरूको रकम भारतमा पठाउँदा आई.सी. एपेण्डिक्स "ए" वमोजिमको विवरण रेमिटान्स पठाउन चाहने भारतीय वीमा कम्पनीहरूबाट लिई रेमिटान्स पठाउनुपर्ने वचत रकमको सटही उक्त कम्पनीहरूबाट माग भई आएमा त्यस्तो सटही सम्वन्धित बैंक/वित्तीय संस्थाहरू आफैले दिन सक्ने ।

(ख) नेपालमा कार्यरत भारतीय एयरलाइन्सहरूको रकम भारतमा पठाउँदा आई.सी. एपेण्डिक्स "बि" वमोजिमको विवरण रेमिटान्स पठाउन चाहने भारतीय एयरलाइन्सहरूबाट लिई सोको आधारमा बचत भएको रकम पठाउन सम्वन्धित बैंक/वित्तीय संस्थाहरू आफैले सटही दिन सक्ने ।

५. भारतवाट उधारोमा सामान पैठारी गर्दा उपलब्ध गराउने सटही सुविधाः

(क) भारतबाट उधारोमा सामान पैठारी गर्नेको हकमा देहायका कागजातहरूका आधारमा विदेशी विक्रेताको नाउँमा ड्राफ्ट/टि.टि./मेल ट्रान्सफरद्वारा सटही उपलब्ध गराउन सकिनेछ :

(अ) भंसार प्रज्ञापनपत्र,

(आ) भारतीय विक्रेताको विजक,

(इ) उधारो दिइएको प्रमाण पुष्ट्याइ हुने कागजात, र

(ई) सामान ढुवानीको प्रमाण ।

(ख) भारतबाट सामान नेपाल भित्रिई सकेपछि सोको भुक्तानी पठाउन आवेदन गर्दा पैठारीको भंसार प्रज्ञापनपत्रमा उल्लेखित मूल्य र भारतीय विक्रेताको विजक मूल्य फरक भएको अवस्थामा देहाय वमोजिम रीत पुऱ्याई सटही दिन सकिनेछ । भंसार प्रज्ञापनपत्रमा उल्लेखित मूल्यभन्दा बढी रकमको भुक्तानी पठाउनुपर्ने भएमा सो बढी रकम ढुवानी, क्लियरिङ्ग डिमरेज वा के को हो ? यकीन गर्नुपर्छ । ढुवानी, क्लियरिङ्ग डिमरेजको रकम हो भने त्यसको रीतपूर्वकको कागजातहरू हेरी ठीक भएमा कूल रकम विजक मूल्यभन्दा नबढ्ने गरी सटही दिन सकिनेछ ।

(ग) यदि भारतीय विक्रेताले भाडा भरौट नजोडी मालको मूल्यको आधारमा मात्र सामान पठाई ढुवानी क्लियरिङ आदि खर्च नेपाली क्रेतासँग असुल गर्ने गरी सामान पठाएको रहेछ भने यस्ता केशमा ढुवानी र क्लियरिङको सटही गए/नगएको हेरी ढुवानी र क्लियरिङको खर्चको सटही नगएको भए उपयुक्त कागजात हेरी सटही दिन सकिनेछ । सटही प्रदान भैसकेपछि सोको निस्सा स्वरुप सक्कल कागजातमा दस्तखत गरी बैंक/वित्तीय संस्थाको छाप लगाउनु पर्नेछ ।

६. सरकारी तथा अर्ध सरकारी संस्थानहरूलाई प्रदान गर्ने सटही सुविधाः

सरकारी तथा अर्ध सरकारी संस्थानहरू जस्तैः जनकपुर चुरोट कारखाना, साल्ट ट्रेडिंग कर्पोरेशन, नेशनल ट्रेडिंग लिमिटेड आदिका सामानहरूको भारतीय रेल्वेबाट सामान छुटाउन रेल्वेको चलान हेरी सो मा उल्लेख भएको रकम बराबरको सटही नगदमा पनि दिन सकिनेछ । यसरी सटही दिइएकोमा सटही दिइएको मितिले १५ दिन भित्र रेल्वे रिसिप्टको प्रमाणित प्रति पेश गराउनु पर्दछ ।

७. भारतबाट सोझै ट्रकमा सामान ढुवानी गरिएकोमा ट्रकवालालाई ढुवानी भाडा वापतको सटही दिंदा सामानहरू नेपालमा पैठारी गरेको विधिवत प्रमाण पैठारीकर्ताबाट लिई ढुवानी भाडा वापत सटही दिन सकिनेछ ।

८. भारतमा कार्यालय खोली काम गरेका नेपाली कम्पनीहरूको कार्यालय सञ्चालनको लागि खर्चको फाँटवारी पेश गर्ने शर्तमा ३ महिनाको लागि आवश्यक हुने रकम सटही प्रदान गर्न सकिनेछ ।

९. तेश्रो मुलुकबाट सामान आयात गर्दा सि.आई.एफ.(CIF) कोलकाता उल्लेख गरी प्रतीतपत्र खोलेको हकमा नेपाल सीमानासम्मको भाडा भरौट र क्लियरिङ्गको लागि प्रतीतपत्र खोलेको कागजात हेरी सटही दिन सकिनेछ ।

तेश्रो मुलुकमा सामान निर्यात गर्दा नेपाल सीमानादेखि कोलकातासम्मको फ्रेट (Freight) र क्लियरिङ्ग (Clearing)को हकमा आवश्यक रकम सामान निकासी भएको भंसार प्रज्ञापनपत्रको आधारमा डकुमेन्ट ह्याण्डल गर्ने बैंक/वित्तीय संस्थाले कागजात हेरी सटही दिन

सक्नेछ । यसरी सटही दिएपछि भंसार प्रज्ञापनपत्र लगायत सबै कागजातहरूमा भुक्तानी गरेको निस्सा लगाउनु पर्नेछ ।

यस्तो सटही पैठारीकर्ताको अनुरोधमा क्लियरिङ्ग तथा फर्वाडिङ्ग एजेन्ट वा ढुवानीकर्ताको नाममा उपलव्ध गराउन सकिनेछ ।

१०. भारतीय पत्रपत्रिकाको भुक्तानी पठाउँदा पत्रपत्रिका पठाउने कम्पनीको विजकको आधारमा एकाउन्टपेयी ड्राफ्ट/टि.टि./मेल ट्रान्सफरको माध्यमबाट भुक्तानी हुने गरी सटही दिन सकिनेछ ।

११. भारतमा भ्रमण, अध्ययन, औषधोपचार गर्न जानेलाई प्रदान गर्ने सुविधा:

भारतमा भ्रमण, अध्ययन, औषधोपचार र तीर्थ यात्रा गर्न जानेहरूलाई ड्राफ्ट/टि.टि./मे.ट्रा./यात्रुचेक आदिको माध्यमबाट नियमानुसार भा.रु. सटही प्रदान गर्दा जाने व्यक्तिहरूकै (निवेदकको) नाउँमा सोही प्रयोजनको लागि मात्र उपरोक्त माध्यमहरूद्वारा सटही प्रदान गर्नुपर्नेछ ।

१२. वि.वि.नि. फर्म पेश गर्ने व्यवस्था :

वि.वि.नि.भा.रु. फा.नं. १ भर्नु पर्नेछ । साथै, विभिन्न प्रयोजनबाट हुने भा.रु. खरिदको तथ्याङ्क समेत सरल र भरपर्दो ढङ्गबाट प्राप्त होस भन्ने हेतुले भा.रु. खरिदको साप्ताहिक विवरण समेत वि.वि.नि.भा.रु. फा.नं. २ वमोजिम पठाउनु पर्नेछ ।

माथि उल्लेखित साप्ताहिक भा.रु. खरिद विक्री विवरण त्यस कार्यालय र अन्तर्गतका बैंक/वित्तीय संस्थाबाट छिटो माध्यमद्वारा लिने व्यवस्था मिलाई सोको एकमुष्ट संस्थागत विवरण प्रत्येक सोमवार वेलुकासम्म यस विभागमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ । यसरी संस्थागत तथ्याङ्क पठाउँदा शाखागत तथ्याङ्क नछुट्याई केवल नेपाल राष्ट्र बैंक, नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र आफ्नो क्षेत्रमा अन्य बैंक/वित्तीय संस्था भएमा सो मात्र छुट्याई पठाउनु पर्नेछ । साथै आ-आफ्नो क्षेत्र अन्तर्गत पायक पर्ने स्थानका बैंक/वित्तीय संस्थाका प्रत्येक सप्ताहको साप्ताहिक भा.रु. खरिद विक्री विवरण सप्ताहान्त पछिको आइतवार वेलुकीसम्म अनिवार्य रुपले टेलिफोन, ट्रंकल, फ्याक्स तथा पत्रको माध्यमबाट लिने व्यवस्था गर्नुपर्नेछ र पायक नपर्ने टाढा-टाढाका बैंक/वित्तयि संस्थाहरूको उक्त विवरण हुलाकद्वारा लिने व्यवस्था मिलाई सो प्राप्त हुनासाथ प्राप्त भएकै सप्ताहको साप्ताहिक विवरणमा समावेश गरी पठाउनु पर्नेछ । यसरी हुलाकबाट लिने गर्दा ठूलोठूलो रकम देखिएमा नोटमा सो कुरा उल्लेख गर्नुपर्ने र अन्तर बैंक कारोवार उक्त साप्ताहिक विवरणमा समावेश नहुने व्यवस्था मिलाउनु हुन समेत अनुरोध गरिन्छ ।

१३. विदेशी मुद्राको समुचित व्यवस्था र शोधनान्तर स्थितिको सही तथ्याङ्क उपलब्ध हुने दृष्टिकोणले खरीद विक्री सम्बन्धमा देहायको व्यवस्था गर्न/गराउन हुन ।

क) भा.रु. नगद सटही माग भएमा भा.रु. २५,०००।०० (पच्चीस हजार) सम्म सटही दिने ।

ख) भा.रु. १,००,०००।०० (एकलाख) सम्म सटही माग भएमा ड्राफ्ट/टि.टि/मेल ट्रान्सफर आदिको माध्यमद्वारा सटही दिने ।

यसरी भा.रु. सटही माग गर्दा के कामको लागि आवश्यक भएको हो सो खुलाई आवेदन दिनुपर्ने । भा.रु. १,००,०००।०० (एकलाख) भन्दा बढीको सटही माग भएमा भा.रु. को दुरुपयोग नहोस् भन्ने दृष्टिकोण राखी प्रमाणित कागजात लिई वा पछि पेश गर्ने शर्तमा सटही दिने । यस सन्दर्भमा प्रचलित आवेदन फाराम प्रयोग गर्न/गराउनु हुन ।

१४. बैंक/वित्तीय संस्थाहरू र यस बैंक बीच हुने भारतीय रुपैंयाँको खरिद विक्री कारोवारः बैंक/वित्तीय संस्थाहरू र यस बैंक वीच हुने भारतीय रुपैंयाँ खरिद विक्री कारोवारलाई सुचारु रुपले सञ्चालन गर्न निम्नानुसारको व्यवस्था लागू गरिएको छ ।

क) सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले भा.रु.रकमान्तर गर्नुपर्दा Value Date भन्दा दुई Working Day अगाडिनै रकमान्तरको लागि यस बैंकको बैंकिङ्ग कार्यालयलाई यसैसाथ संलग्न निवेदन फाराम प्रयोग गरी लिखित अनुरोध गर्नुपर्ने ।

ख) यसरी अनुरोध प्राप्त भएपछि बैंकिङ्ग कार्यालयले Value Date अगावै रकमान्तरको लागि टेलेक्स पठाइ दिने ।

ग) Value Date को दिन सम्वन्धित बैंक/वित्तीय संस्थाको खातामा रकमान्तर गरेको रकम वरावरको हुने रकम बैंकिङ्ग कार्यालयले प्रचलित नियमानुसार Debit गर्ने ।

घ) कथंकदाचित् उक्त दिन सम्बन्धित बैंक/वित्तीय संस्थाहरूको खातामा पर्याप्त मौज्दात नरहेमा व्याज सहित असुल गर्ने ।

ङ) बैंक/वित्तीय संस्थाहरूले यस बैंकसँग भारतीय रुपैंयाँ खरिद गर्दा साविकमा यस बैंकले लिने गरेको कमिशन रकम नलिने ।

१५. Time Deposit को रुपमा भा.रु. लगानी गर्न बन्देज :

नेपालका बैंक/वित्तीय संस्थाहरूले भारतीय बैंकहरूमा Time Deposit को रुपमा भारतीय रुपैयाँ लगानी गर्न पाइने छैन ।

१६. भारतीय रुपैयाँको खरीदमा बन्देज :

नेपाली र भारतीय नागरिकहरूसँग बाहेक अन्य व्यक्तिसँग सबै बैंक/वित्तीय संस्था लगायत इजाजतप्राप्त अन्य निकायहरूले भारतीय रुपैयाँको नोट, यात्रुचेक, ड्राफ्ट आदिको खरिद, टि.टि.को भुक्तानी र भारतीय रुपैयाँको केडिट कार्ड अन्तर्गत कुनै कारोवार समेत गर्न पाइने छैन ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ४२१ प्रयोजनका लागि)

श्री नेपाल राष्ट्र बैंक
बैंकिङ्ग कार्यालय
थापाथली, काठमाण्डौं ।

विषय :- भा.रु. खरीद वारे ।

महोदय,

यस बैंक/संस्थाको कारोवारको लागि भारतीय रुपैयाँको मौज्दात अपर्याप्त भएको हुँदा निम्न वमोजिम भा.रु. खरीद गर्न अनुरोध गरिएको छ ।

१) खरीद गरिने भा.रु. को परिमाण :

२) भ्यालु डेट :

३) भा. रु. जम्मा गर्नुपर्ने :-

(क) एजेन्सी बैंकको नाम :

(ख) ठेगाना :

(ग) खाता नम्बर :

उपरोक्त वमोजिमको भा.रु. रकमान्तर गरिदिनु हुनको साथै भ्यालु डेट (Value Date) को दिन त्यस कार्यालयस्थित हाम्रो खाता (खाता नं. ............................) मा आवश्यक रकम खर्च लेख्नु हुन समेत अनुरोध छ । साथै कथंकदाचित् उक्त खातामा पर्याप्त रकम नरहेको अवस्थामा प्रचलित व्याज दरबाट हुन आउने हर्जाना तिर्न हाम्रो मन्जुरी रहेको व्यहोरा पनि अनुरोध छ ।

भवदीय,

................................
Authorized Signature
बैंक/वित्तीय संस्थाको छाप

